नेपाल सरकार

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

# नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठान

थापागाउँ, बिजुलीबजार, काठमाडौं

स्टोर किपर पदमा कर्मचारी सेवा करारमा लिने सूचना

(सूचना प्रकाशन मिति २०७८।०७।०५)

Government of Nepal Ministry of Culture, Tourism & Civil Aviation Nepal Mountain Academy

यस प्रतिष्ठानको लागि स्नातक तहको स्टोर किपर पदमा कर्मचारीको सेवा आवश्यक भएकोले सो पदको सेवा करारमा लिनको लागि तपसिल बमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट वैयक्तिक विवरण (Bio-Data) यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र पेश गर्न आव्हान गरिएको छ।

१. **पदः** स्टोर किपर

२. **पद संख्याः** १ जना

३. **वैयक्तिक विवरण दिने स्थानः** नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठानको कार्यालय, थापागाउँ, काठमाडौं।

४. **काम गर्नुपर्ने स्थानः** नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठानको कार्यालय, थापागाउँ, काठमाडौं।

५. **गर्नुपर्ने कामः** स्टोर सम्बन्धित कार्यहरू।

६. **न्यूनतम शैक्षिक योग्यताः** मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापनमा **प्रमाणपत्र तह वा सो सरह** उत्तिर्ण गरी पर्वतारोहण सामाग्रीहरूको ज्ञान भएको।

७. **आवश्यक कागजपत्र र छनौट प्रक्रियाः** निवेदन साथ निवेदकबाट हस्ताक्षरित वैयक्तिक विवरण (Bio-Data)। पेश भएको व्यक्तिगत विवरणमा उल्लिखित शैक्षिक योग्यता र अनुभवका प्रमाणपत्रहरूको सक्कलप्रति अर्न्तवार्ताको समयमा लिएर उपस्थित हुनुपर्नेछ। शैक्षिक योग्यता, कार्य अनुभव र अन्तरवार्ताको आधारमा कर्मचारीको छनौट हुनेछ।

८. **अन्तरवार्ता हुने मितिः** २०७८ कात्तिक २३ गते मंगलबार बिहान ११ बजेबाट हुनेछ ।

९. उम्मेद्वार शारीरिक तथा मानसिक रूपमा स्वस्थ भएको हुनुपर्नेछ।

१०. **तलब सुविधाः** छनौट भई सेवा करार सम्झौता गरिएका उम्मेदवारले सञ्चालक समितिबाट स्वीकृत भए बमोजिमको न्यूनतम तलबमान प्राप्त गर्नेछ। सो बाहेक निजले इन्धन तथा अन्य सुविधा कार्यालयले निर्धारण गरे बमोजिम हुनेछ। कार्यालयको पूर्व स्वीकृति लिई सरकारी काममा भ्रमण गर्दा नियमानुसार भ्रमण भत्ता पाउन सक्नेछ।

११. **पदावधिः** १ वर्ष। सो अवधि पश्चात समयावधी आवश्यकता अनुसार थप गर्न सक्नेछ। काम सन्तोषजनक नभएमा प्रतिष्ठानले जुनसुकै समयमा हटाउन सक्नेछ। उम्मेद्वारले करारको समावधी रहेकै बखत एकपटक करार गरिसकेपछि वा करार थप भएपछि करार अवधि रहँदा रहँदै सेवाबाट अलग हुन पाउने छैन।

१२. यस सुचनामा उल्लेख नभएका अन्य कुराहरू नियम बमोजिम हुनेछन्।

२०७८।०७।०५

Executive Director